**सानिमा लाईफ इन्स्योरेन्स लिमिटेडको**
**चौथो वार्षिक साधारण सभा**
**को**
**निर्णय (माईन्यूट) विवरण**

**१) प्रारम्भिक**

यस सानिमा लाईफ इन्स्योरेन्स लिमिटेडको **चौथो वार्षिक साधारण सभा** मिति २०७९ आषाढ २० (तदअनुसार ०४ जुलाई, २०२२) सोमबार स्मार्ट दरबार बैंक्वेट, धुम्बाराही, काठमाण्डौंमा सञ्चालक समितिको अध्यक्ष विद्युतिय (Zoom) माध्यमबाट तथा सञ्चालक समितिका अन्य सदस्यहरुको भौतिक उपस्थितीमा भौतिक तथा विद्युतिय (Zoom) माध्यमबाट सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । तेश्रो वार्षिक साधारण सभा बिहान १०:०० बजेबाट शुरु भई निर्धारीत विषयसुची अनुसारका प्रस्तावहरुमा छलफल तथा निर्णय गरी दिनको १२:३० बजे सभा सम्पन्न भएको थियो । साधारण सभाका निर्णयहरु तथा अन्य काम कार्यवाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

**२) सूचना प्रकाशन :**

सञ्चालक समितिको मिति २०७९/०२/२५ गते बसेको ७५ औं बैठकको निर्णय बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा मिति २०७९/०३/२० गते स्मार्ट दरबार बैंक्वेट, धुम्बाराही, काठमाण्डौंमा आयाजना हुने भनि मिति २०७९।०२।३० गते कारोबार दैनिक र दोस्रो पटक मिति २०७९।०३।०५ गते पुन: कारोबार दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएका व्यवस्था बमोजिम कम्पनीको वार्षिक प्रतिबेदन सहितका साधारण सभाको बिस्तृत सूचना शेयरधनी महानुभावहरुलाई कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको र कम्पनीको वार्षिक प्रतिवेदन, साधारण सभाको बिस्तृत सूचना कम्पनीको वेभसाइट www.sanimalife.com मा पनि राखिएका थियो ।

**३) उपस्थिति**

**क) संचालकहरु तर्फ :**

| | |
|---|---|
| १. श्री कुमार प्रसाद कोइराला | अध्यक्ष |
| २. श्री घनश्याम थापा | सञ्चालक |
| ३. डा. सुवर्णदास श्रेष्ठ | सञ्चालक |
| ४. श्री बद्री विशाल घिमिरे | सञ्चालक |
| ५. श्री भरत बहादुर थापा | सञ्चालक |
| ६. श्री प्रिती श्रेष्ठ | कम्पनी सचिव |

**ख) पदाधिकारीहरु तर्फ :**

| | |
|---|---|
| १. श्री अगम मुखिया | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री चूडामणि चापागाईं | नायव महाप्रबन्धक |
| ३. श्री गणेश चौलागाई | मुख्य प्रबन्धक |
| ४. श्री गुणराज श्रेष्ठ | मुख्य प्रबन्धक |
| ५. श्री अमिता डंगोल | मुख्य प्रबन्धक |
| ६. श्री संगम श्रेष्ठ | प्रबन्धक |

| | |
|---|---|
| ७. श्री रेमिना मानन्धर | प्रबन्धक |
| ८. श्री ज्ञानेन्द्र देव भट्ट | नायब प्रबन्धक |
| ९. श्री सुस्मीता राणा | सहायक प्रबन्धक |

**ग) शेयरधनीहरूका तर्फ :**

| | |
|---|---|
| उपस्थिति शेयर धनिहरुका संख्या | : ४१९ जना |
| क) शेयरधनी स्वयंबाट | : ५८ जना |
| ख) प्रतिनिधि (प्रोक्सी) बाट | : ३६१ जना |
| शेयरका प्रतिनिधित्व संख्या | : १३१७९००४ कित्ता |
| शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | : ६५.८९% |

**घ) नियामक निकायका प्रतिनिधी पर्यवेक्षक**

क) कम्पनी रजिष्ट्रार कार्यालयबाट श्री बिमल मान श्रेष्ठ

**४) छलफलका विषय :-**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७६/०७७ वार्षिक प्रतिवेदन सम्बन्धमा ।

२. आ.व. २०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. ०७७।०७८ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूह (ख) बाट प्रतिनिधीत्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. कम्पनीको अधिकृत तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

२. लाभांश बापत हाल कायम रहेको चुक्ता पूँजीको ४.४२ प्रतिशत लाभांश (कर सहित) जम्मा रु. ८८,४२१,०५३।- बापत (बोनस शेयर ४.२ प्रतिशत बापत रु. ८४,०००,०००।- र उक्त बोनस शेयरमा लाग्ने ०.२२ प्रतिशत कर बापत रु. ४,४२१,०५३।-) वितरण गर्ने सम्बन्धमा ।

३. कम्पनीको प्रबन्धपत्रमा पूँजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले कुनै फेरवदल वा संशोधन गर्न निर्देशन दिएमा सो फेरबदल वा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

५. यस कम्पनीले पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभिने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक-आपसमा गाभिने सँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**ग. विविध ।**

## ५) गणपुरक संख्या

| बिवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४३५९५३ | ५८ | ३६१ | ४१९ | ०.०९% |
| शेयर संख्या | २,००,००,००० | ५०,६१,००० | ५५,९५,००० | १,०६,५६,००० | ६५.८९% |

## ६) सभाको वैधानिकता तथा सभापतित्व

क) कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावली बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष कम्पनी सचिवबाट जानकारी गराइयो ।

ख) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीका अध्यक्ष श्री कुमार प्रसाद कोइरालाज्यूबाट सभाको अध्यक्षता ग्रहण गर्नु भई उहाँको आज्ञाले सभा औपचारीक रुपमा प्रारम्भ गरियो ।

## ७) सभा संचालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

साधारण सभा औपचारीक रुपमा सञ्चालन गर्न सभाध्यक्षज्यूको अनुमति पश्चात सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभाध्यक्ष एवं अध्यक्ष श्री कुमार प्रसाद कोइरालाज्यूलाई आफ्नो मन्तव्य सहित वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षज्यूले सभा समक्ष आफ्नो मन्तव्य व्यक्त गर्नु भई आ.व.२०७६।०७७ को संचालक समितिको बार्षिक प्रतिवेदन अनुमोदनको लागि प्रस्तुत गर्नुभयो । सभा समक्ष पेश भएको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेतमा आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझाव सहित छलफलको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरिएको थियो ।

## ८) मन्तव्य, जिज्ञासा र सुझावहरु

उपरोक्त प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, एकीकृत आय व्यय हिसाब, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव पेश गर्नु भयो ।

१. श्री डमरु वल्लभ घिमिरे

कम्पनीले सर्वसाधारण शेयर बाँडफाँड भएको पहिलो वर्षमा नै शेयरधनीलाई ४.४२% लाभाशं वितरण गर्न सक्षम भएकोमा विशेष धन्यवाद तथा बधाई ज्ञापन गर्नु भयो । बीमा समितिबाट प्राप्त निर्देशनको परिपालनामा विशेष सतर्कता अपनाउन व्यवस्थापनलाई सुझाव दिनुको साथै साधारण सभाबाट निर्विरोध निर्वाचित हुनु भएको सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट निर्वाचित हुनु भएको सञ्चालकलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो ।

२. श्री अशोक उप्रेती

कम्पनीले सर्वसाधारण शेयर बाँडफाँड भएको पहिलो वर्षमा नै शेयरधनीलाई लाभाशं वितरण गर्न सकेकोमा विशेष धन्यवाद तथा बधाई ज्ञापन गर्नु भयो । आगामी आ.व. २०७७/०७८ को वार्षिक साधारण सभा ६ महिनाभित्र गर्न समेत सुझाव दिनु भयो । बीमा समितिबाट पूँजी वृद्धिको लागि दिएको समय कम रहेको र कम्पनी गाभ्ने गाभिने प्रकृयामा जाँदै गर्दा कम्पनीको नाम तथा साखलाई कायम राख्न सुझाव दिनु भयो ।

३. श्री चन्द्र नारायण श्रेष्ठ

कम्पनीले सर्वसाधारण शेयर बाँडफाँड भएको पहिलो वर्षमा नै शेयरधनीलाई लाभाशं वितरण गर्नु खुसीको कुरा भएको बताउनु भयो । व्यवस्थापन खर्चमा मितव्ययिता अपनाउन तथा बीमा समितिको निर्देशनको दायरामा रही लगानीका नयाँ अवसरहरुको पहिचान गर्ने तथा लगानीबाट उच्च प्रतिफल प्राप्तिको लागि सचेत रहन कम्पनीको व्यवस्थापनलाई सुझाव प्रदान गर्नु भयो ।

४. श्री रामचन्द्र बन्जाडे

कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापन समुह अनुभवी तथा दक्ष रहेको र कम्पनी सञ्चालनमा आएको छोटो अवधीमा नै बीमा बजारमा आफ्नो नाम साख बनाउन सफल भएकोमा सञ्चालक समिति तथा व्यवस्थापन समुहलाई बधाई तथा शुभकामना व्यक्त गर्नु भयो । साथै भविष्यमा पनि थप सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

५. श्री नरसिंह लाल चँखु (लिखित सुझाव प्रस्तुतकर्ता)

उहाँले कम्पनीको मुख्य कार्यालयमा आई लिखित रुपमा आफ्नो मन्तब्य तथा सुझाव दिनु भएको थियो । जस अनुसार कम्पनीको वासलात सन्तोषजनक रहेको तथा ४.४२% लाभाशं वितरण गर्नु भएकोमा सञ्चालक समिति, व्यवस्थापन समूहलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । व्यवसायिक क्रियाकलापमा क्रमिकरुपमा सुधार हुँदै जानु राम्रो पक्ष रहेको र यसमा थप ध्यान पुऱ्याउन तथा व्यवस्थापन खर्चलाई घटाउन सुझाव दिनु भएको थियो । व्यवस्थापकिय सुशासन र वित्तीय अनुशासन कायम राख्न कम्पनी सबल रहेको छ तर Solvency Margin मा सुधार गर्नु पर्ने आवश्यकता औंल्याउनु भयो । साथै आगामी वर्षहरुमा सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

शेयरधनी महानुभावहरुबाट मन्तव्यका क्रममा राय, प्रतिकृया र सुझाव राख्ने कार्य पुरा भएपछि शेयरधनी महानुभावहरुको राय, प्रतिकृया र सुझावको लागि सभाका अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्नु भयो र साथै शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरु बमोजिम क्रमिक रुपमा सुधार गर्दै लाने प्रतिवद्धता व्यक्त गर्नु भयो । आगामी दिनहरुमा कम्पनीलाई अझै सबल बनाउँदै लाने र लगानीकर्तालाई वितरण गरिने प्रतिफलमा समेत वृद्धि गर्दै जाने जानकारी गराउनु भयो । साथै आगामी आ.व. २०७७/०७८ को वार्षिक साधारण सभा यथासक्य चाँडै गर्ने समेत प्रतिवद्धता जनाउनु भयो ।

## ८) साधारण सभाका छलफल तथा निर्णयहरू

### क) सामान्य प्रस्तावहरु :

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुमार प्रसाद कोइरालाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**२. आ.व. २०७५।०७६ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धित अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सभा समक्ष निर्णयार्थ पेश भएको आ.व. २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन, २०७६ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, तत् सम्बन्धि अनुसूचीहरु तथा NFRS प्रणाली लागु गरी तयार गरिएको वित्तिय विवरण उपर समेत छलफल पश्चात उक्त विवरण स्वीकृतिको लागि अनुरोध गर्दा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**३. आ.व. ०७६।०७७ को लागी लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

आ.व. २०७७/०७८ को कम्पनीको लेखापरीक्षण गर्नको लागि लेखा परीक्षण समिति तथा सञ्चालक समितिको सिफारीस बमोजिम लेखापरीक्षण गर्ने संस्थाहरुबाट प्राप्त दरभाउपत्र मध्ये न्यूनतम दरभाउ पेश गर्ने श्री सुजन काफ्ले एण्ड एसोसिएट्सलाई कम्पनी ऐन, २०६३ को दफा ११८

बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयबाट यस कम्पनीको आ.व. २०७७/०७८ को बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गरी सो बापतको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु. २,५०,०००।-(अक्षरुपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो ।

**४. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूह (ख) बाट प्रतिनिधीत्व गर्ने दुई (२) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समुह (ख) बाट प्रतिनिधीत्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन प्रयोजनको लागि मिति २०७९।०९।२५ मा बसेको सञ्चालक समितिको ७५ औं बैठकको निर्णयले नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री जयन्त कुमार रेग्मीले निर्वाचनको सम्पूर्ण प्रकृया बुँदागत रुपमा प्रस्तुत गर्नु भयो र सर्वसाधारण शेयरधनी समूह (ख) तर्फबाट प्रतिनीधित्व गर्ने दुई (२) जना सञ्चालकको रुपमा श्री केशव राज के.सी र श्री शिवहरी घिमिरे निर्विरोध रुपमा निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । साथै निजहरुलाई सञ्चालक समितिबाट स्वागत तथा बधाई ज्ञापन गरियो ।

**ख. विशेष प्रस्तावहरु :**

**१. कम्पनीको अधिकृत तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।**

यस सानिमा लाईफ इन्स्योरेन्स लि. को हाल कायम रहेको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (तीन अर्ब) तथा चुक्ता पूँजी रु. २,००,००,००,०००।- (दुई अर्ब) लाई वृद्धि गर्ने सम्बन्धमा आ.व. ०७७।०७८ को वार्षिक साधारण सभाबाट कम्पनीको अधिकृत पूँजी वृद्धि गर्ने तथा बोनस शेयर प्रयोजनको चुक्ता पूँजी रु. २,००,००,००,०००।- (दुई अर्ब) लाई वृद्धि गरी रु. २,०८४,०००,०००।- (दुई अर्ब आठ करोड चालिस लाख) कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**२. लाभांश बापत हाल कायम रहेको चुक्ता पूँजीको ४.४२ प्रतिशत लाभांश (कर सहित) जम्मा रु. ८८,४२१,०५३।- बापत (बोनस शेयर ४.२ प्रतिशत बापत रु. ८४,०००,०००।- र उक्त बोनस शेयरमा लाग्ने ०.२२ प्रतिशत कर बापत रु. ४,४२१,०५३।-) वितरण गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको आ.व. २०७६।०७७ को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु. २,००,००,००,०००।- (दुई अर्ब) को ४.२ प्रतिशत ले हुन आउने रकम ८,४०,००,०००।- (अक्षरेपी आठ करोड चालिस लाख) बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्न तथा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि ०.२२ प्रतिशतले हुन आउने रकम रु. ४४,२१,०५३।- (अक्षरेपी चवालिस लाख एककाइस हजार त्रिपन्न) नगद लाभाशं वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**३. कम्पनीको प्रबन्धपत्रमा पूँजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

(क) कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६ (ग) को सट्टा देहाय दफा ६(ख) र ६ (ग) कायम गर्ने:

६(ख) कम्पनीको जारी पूँजी रु. २,०८,४०,००,०००।- (अक्षरेपी दुई अर्ब आठ करोड चालिस लाख रुपैंया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २,०८,४०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजी रु. २,०८,४०,००,०००।- (अक्षरेपी दुई अर्ब आठ करोड चालिस लाख रुपैंया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २,०८,४०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) प्रबन्धपत्रको दफा ६ को (घ) र (ङ) हटाउने ।

यसै विशेष प्रस्ताव नं ३ बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने तथा दफा ६ को (घ) र (ङ) हटाउने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

४. **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति वा अन्य नियमनकारी निकायले कुनै फेरवदल वा संशोधन गर्न निर्देशन दिएमा सो फेरबदल वा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।**

यस कम्पनीको लाभाशं बापत रु. ८,४०,००,०००।- (अक्षरेपी आठ करोड चालिस लाख) बराबरको बोनस शेयर जारी गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्न आवश्यक देखिएमा र नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा कुनै फेरबदल वा संशोधन गर्न निर्देशन प्राप्त भएमा निर्देशन बमोजिम फेरबदल तथा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सभा समक्ष प्रस्ताव पेश भई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने निर्णय गरियो । साथै सञ्चालक समितिबाट भएको संशोधन आगामी साधारण सभाबाट अनुमोदन गराउने निर्देशन दिइयो ।

५. **यस कम्पनीले पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभिने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक-आपसमा गाभिने सँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।**

विशेष प्रस्तावको प्रस्ताव नं ५ उपर सभामा छलफल भई नियामक निकाय बीमा समितिको निर्देशानुसार कम्पनीको पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभिने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक-आपसमा गाभिने सँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

## ९. धन्यवाद तथा सभा विसर्जन

विविध विषय अर्न्तगत छलफलका लागि अन्य कुनै बिषय नभएको र सब निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

कार्यक्रमको अन्त्यमा, सभाध्यक्षज्यूले चौथो वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरू एवं उपस्थित अन्य व्यक्तित्वहरुलाई साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा हार्दिक धन्यबाद दिदै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**प्रिती श्रेष्ठ**
**कम्पनी सचिव**

**कुमार प्रसाद कोइराला**
**सभा अध्यक्ष**